**धनगढी उप-महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ०६** **संख्याः०४** **मितिः२०७९/०९/११**

## भाग-२

**धनगढीउपमहानगरपालिका**

# आमा बचाऊ कार्यक्रम संचालन कार्यविधि, २०७९

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०९ ।११**

**राजपत्रमा प्रकाशित मिति : २०७९।०९ ।१२**

**प्रस्तावना:**नेपालको संबिधान २०७२ ले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ। संविधानको मूल मर्मलाई आत्मसात गर्दै गुणस्तरीय स्वास्थ्य प्रबर्द्धन गर्न उप-महानगरपालिका भित्रका गर्भवती आमा तथा नवाशिशुहरुको मृत्युलाई न्यूनीकरण गर्न, गरिबी तथा आर्थिक अभावको कारणले घरमा हुने सुत्केरी दरलाइ घटाउन, आमाको स्वास्थ्यमा जोखिम हुन नदिन समयमै गुणस्तरीय सेवा उपलब्ध गराउन नि:शुल्क एम्बुलेन्स सेवा संचालन गर्न बान्छनीय भएकाले नेपालको संबिधान २०७२ को धारा १२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२, स्वास्थ्य नीति २०७१, जनस्वास्थ्य ऐन २०७५ बमोजिम यस धनगढी उप-महानगरपालिकाले **आमा बचाऊ कार्यक्रम संचालन कार्यविधि, २०७९** जारी गरेको छ।

धनगढी उप-महानगरपालिका राजपत्र

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) संक्षिप्त नाम र प्रारम्भ: यस कार्यविधिको नाम **"आमा बचाऊ कार्यक्रम संचलान कार्यविधि, २०७९"** रहेको छ।

ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकासित भएको मितिबाट लागु हुने छ।

**२. परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा-

क) **स्वास्थ्य संस्था :** "स्वास्थ्य संस्था" भन्नाले धनगढी उप महानगरपालिका भित्र संचालनमा रहेका अस्पताल, शहरी स्वास्थ्य प्रवद्धन केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र लाई सम्झनु पर्दछ।

ख) **स्वास्थ्यकर्मी :** "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम मान्यता प्राप्त शिक्षण संस्था बाट अध्यन गरि सेवा समूह अनुसार नेपाल स्वास्थ्य व्यवसायिक परिषद, नेपाल नर्सिङ परिषद र नेपाल मेडिकल काउन्सिलमा दर्ता भइ स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी सम्झनुपर्दछ।

ग) **आमा बचाउ अभियान:** "आमा बचाऊ अभियान" भन्नाले धनगढी उप महानगरपालिका भित्र रहेका गर्भवती तथा सुत्केरी अबस्थाका आमाहरुमा कुनै पनि जोखिम/खतराका चिन्हहरु देखा परेमा उपचार/ब्यबस्थापनका लागि स्वास्थ्य संस्था पुग्न हुने ढिलाईलाइ कम गर्दै मातृ तथा नवजात शिशुको स्वास्थ्यलाई जोगाउनका लागि संचालन गरिएको सेवालाई सम्झनुपर्दछ ।

घ) **नि: शुल्क एम्बुलेन्स सेवा:** "नि:शुल्क एम्बुलेन्स सेवा" भन्नाले सुत्केरी गराउन, सम्पूर्ण आमा तथा नवजात शिशुमा गर्भावस्थामा, प्रसव अवस्थामा कुनै जटिलता देखा परेमा सम्बन्धित वडाबाट धनगढी उप-महानगरपालिका भित्रका अन्य सुविधायुक्त स्वास्थ्य संस्थासम्म ल्याउन/लैजानका लागि व्यवस्था गरिएको नि: शुल्क परिवहनलाइ सम्झिनु पर्दछ।

ङ) **क्लस्टर (भेग):** "क्लस्टर" भन्नाले धनगढी उपमहानगरपालिकालाई सिंगो आधार क्षेत्र मानी भौगोलिक रुपमा नजिक तथा समानता रहेका वडाहरुलाइ समेटेर बनाईएका तपसिल अनुसारका साना क्षेत्रहरुलाई सम्झनु पर्दछ।

क्लस्टर नं १- वडा नं १४, १८, १९
क्लस्टर नं २- वडा नं १५, १६, १७
क्लस्टर नं ३- वडा नं ९ ,१० ,१२
क्लस्टर नं ४- वडा नं ६, ११, १३
क्लस्टर नं ५- वडा नं १, २, ३, ४, ५,७,८

(च ) **"प्रमुख"** भन्नाले धनगढी उप-महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(छ) **"उप-प्रमुख"** भन्नाले धनगढी उप-महानगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ।



धनगढी उप-महानगरपालिका राजपत्र

(ज ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले धनगढी उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(झ ) **"नगरपालिका वा उप-महानगरपालिका"** भन्नाले धनगढी उप-महानगरपालिका सम्झनु पर्दछ।

(ञ ) **"वडा अध्यक्ष"** भन्नाले धनगढी उप-महानगरपालिकाका वडा अध्यक्ष सम्झनु पर्दछ।

**३. उदेश्य :** यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन।

क) गर्भवती तथा सुत्केरी अवस्थाका आमाहरुमा देखा पर्न सक्ने जोखिमहरुको ब्यबस्थापनमा ढिलाईका कारणले हुने खतरा/जोखिमलाई न्यूनीकरण गर्ने।

ख) गरिबी तथा आर्थिक कारणले गर्दा स्वास्थ्य सेवाको पहुँचबाट बन्चित महिलाहरुको स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता गर्न।

ग) घरमै हुने सुत्केरीदरलाइ सुन्यमा झार्ने।

घ) उप-महानगरपालिका भित्रका गर्भवती आमा तथा नवजात शिशुहरुको अकाल मृत्यु हुन बाट बचाउने।

**४. <u>कार्यक्रम संचालन सम्बन्धी व्यवस्था:</u>**

क) आमा बचाऊ कार्यक्रम संचालनका लागि एक मूल संचालक समिति रहनेछ जसमा निम्न बमोजिमका पदाधिकारीहरु रहनेछन।

| | |
|---|---|
| १. नगर उप प्रमुख- | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| ३. सामजिक विकास समिति संयोजक | सदस्य |
| ४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविक नगर संयोजक | सदस्य |
| ५. स्वास्थ्य शाखा प्रमुख- | सदस्य सचिव |

आमा बचाऊ कार्यक्रम संचालनका समितिले आवश्यकता अनुशार विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

ख) उपदफा (क) बमोजिमको समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

**१.** नगर आमा बचाऊ कार्यक्रम संचालनका लागि आबश्यक पर्ने बजेट, एम्बुलेन्सको ब्यबस्थापन गर्ने।

**२.** कार्यक्रम संचालन तथा ब्यबस्थापनमा खर्च रकम विवरणको लेखाजोखा गर्ने।

**३.** नियमित रुपमा कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने।

ग) नगर आमा बचाऊ कार्यक्रम संचालनका लागि क्लस्टर वाइज आबश्यक ब्यबस्थापकीय कार्य गर्नका लागी अनुसूची -१ अनुसारका क्लस्टर संचालक समिति गठन गरिनेछन।

घ) उपदफा (ग) बमोजिम गठित समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

१. नगर आमा बचाऊ कार्यक्रम अन्तर्गत संचालन हुने नि:शुल्क एम्बुलेन्स संचालनका लागि सवारी चालकको ब्यबस्थापन गर्ने ।

२. एम्बुलेन्स रहने स्थान, लक्षित वर्ग भन्दा अन्य व्यक्तिहरुले एम्बुलेन्स सेवाको उपयोग गर्न चाहेमा र धनगढी उप-महानगरपालिका भन्दा बाहिरका स्वास्थ्य संस्थामा जानु परेमा सो को भाडा निर्धारण गर्ने ।

३. क्लस्टरवाइज कार्यक्रमको नियमित रुपमा अनुगमन तथा सुपरभिजन ।

४. नगर आमा बचाऊ कार्यक्रमबाट सेवा प्रदान गरिएको विवरणको नियमित रुपमा अभिलेख राखी मासिक रुपमा प्रतिबेदन स्वास्थ्य शाखालाई पेश गर्नुपर्नेछ।

ङ) हाललाई यो कार्यक्रम सदरमुकाम भन्दा टाढा रहेका वडाहरुमा मात्र यो कार्यक्रम लागु हुनेछ र क्रमश: अन्य वडाहरुमा पनि लागु गरिने छ ।

४. **थप घट वा हेरफेर गर्न सक्ने:**यो कार्यविधिको कार्यान्वयनलाई थप प्रभाबकारी र ब्यबस्थित बनाउन नगर पालिकाले कार्यविधिमा थप घट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

५. **बाधा अड्काउ:**यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो को बाधा अड्काउ फुकाउने अधिकार धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकामा निहित रहनेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

**अनुसूची-१**

(दफा ४ को उपदफा (ग) संग सम्बन्धित)

| | | |
|---|---|---|
| १. | क्लस्टर मध्येका वडा अध्यक्षहरुबाट १ जना - | संयोजक |
| २. | क्लस्टर मध्येका अन्य अध्यक्षहरु - | सदस्य |
| ३. | क्लस्टर मध्येका वडा महिला सदस्यबाट १ जना - | सदस्य |
| ४. | क्लस्टर मध्येका स्वास्थ्य संस्था प्रमुखबाट १ जना- | सदस्य |
| ५. | क्लस्टर मध्येका वडा सचिवहरुबाट १ जना - | सदस्य सचिब |

नोट: समितिले आबश्यकता अनुसार समितिमा रहने सदस्यहरु थपघट गर्न सक्नेछन ।

**आज्ञाले,**

...................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप महानगरपालीका

धनगढी उप-महानगरपालिका राजपत्र